नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
मुस्ताङ्ग

फोन नं.-०६९-५२१३४५, ०६९-४४०१३
इमेल- pmamp.piu.mustang@gmail.com
pmamp.piu.myagdi1@gmail.com

प.सं. :०८१/८२
च.नं. :

सूचिकृत/नविकरण हुने सम्बन्धि सूचना।
सूचना नं.-०१-२०८१/८२

प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०४/३१

आ.व.२०८१/८२ मा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, मुस्ताङ अन्तर्गत तपशिलका कार्यक्षेत्रहरुमा विभिन्न कार्यक्रमहरु संचालन तथा कार्यान्वयनका लागि परियोजना कार्यान्वयन म्यानुअल-२०७७ मा व्यवस्था भएबमोजिम, जोन कार्यक्षेत्र भित्र पर्ने सम्बन्धित सरकारी निकायमा कानुन बमोजिम नियमानुसार दर्ता भएका/नियमित नविकरण गरिरहेका इच्छुक कृषक समुह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि उद्यमी/कृषि फर्महरुलाई आवश्यक कागजात सहित यस परियोजना कार्यान्वयन एकाइ मुस्ताङ्ग कार्यालय(स्याउ र च्यांग्रा जोन) तथा जोन प्राविधिक एकाइ म्याग्दी कार्यालय (सुन्तला/बंगुर/आलु जोन) मा आई सूचिकृत/नविकरण गर्नुहुनका लागि सम्बन्धित सवैमा जानकारी गराइन्छ। रित नपुगी पेश हुन आएको निवेदकलाई सूचिकृत/नविकरण गरिने छैन। साथै थप जानकारीका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

नोटः गत आ.व. हरुमा सूचिकृत भएका कृषक समुह/कृषि सहकारी/जल/वन उपभोक्ता समिति/कृषि उद्यमी/फर्महरुले पुन संस्थाको अध्यावधिक विवरण सहित नविकरण गर्नु पर्नेछ।

तपशिलः

| क्र.सं. | जोन | जोन विकास कार्यक्रमको कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|
| १ | स्याउ जोन | थासाङ्ग गाउँपालिकाको वडा नं.३,४ र ५ बाहेक सबै गाउँपालिकाका वार्डहरु | मुस्ताङ्ग जिल्ला |
| २ | सुन्तला जोन | बेनी नगरपालिका ३, ९ र १०नं. वडाहरु; मंगला गाउँपालिका १ देखि ५ सम्मका वार्डहरु; रघुगंगा गाउँपालिका १ देखि ७ नं.सम्मका वडाहरु; अन्नपुर्ण गाउँपालिका १ देखि ८ सम्मका वडाहरु; बाग्लुङ नगरपालिका ५ देखि १३ नं. सम्मका वडाहरू; काठेखोला गाउँपालिका १, २ र ४ देखि ८ सम्मका वडाहरु; जलजला गाउँपालिका १ देखि ९ सम्मका वडाहरु | म्याग्दी, पर्वत र बागलुङ्ग जिल्ला |
| ३ | बंगुर जोन | वेनी नगरपालिका १ देखि १० सम्मका वडाहरु; मंगला गाउँपालिका १ देखि ५ सम्मका वडाहरु; मालिका गाउँपालिका १ देखि ७ सम्मका वडाहरु; धौलागिरी गाउँपालिका २, ३ र ७ नं. वार्डहरु; अन्नपुर्ण गाउँपालका १, २, ३, ४ र ६ नं. वडाहरु; रघुगंगा गाउँपालिका १,२ र ३ नं. वडाहरु | म्याग्दी जिल्ला |
| ४ | च्यांग्रा जोन | बारागाउँ मुक्तिक्षेत्र गाँ. पा., लोघेकर दामोदरकुण्ड गाँ. का र लोमान्थाङ गाँ. पा. का सम्पुर्ण वडाहरु | मुस्ताङ्ग जिल्ला |
| ५ | आलु जोन | म्याग्दी जिल्ला(अन्नपुर्ण गा.पा., रघुगंगा गा.पा. का ५,६, ७ र ८ नं. वडाहरु र वेनी न.पा.-१०) | म्याग्दी जिल्ला |

संलग्न कागजातहरुः

१. रु.१० को हुलाक टिकट टाँस सहितको सूचिकृत हुन पाउँ भनि तोकिएको ढाँचामा निवेदन।
२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
३. सम्बन्धित सरकारी निकायमा नियमानुसार दर्ता/ नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि।

नेत्र प्रसाद भट्ट
नि. वरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
मुस्ताङ्ग

फोन नं.-०६९-५२१३४५, ०६९-४४०१३०
इमेल- pmamp.plu.mustang@gmail.com
pmamp.plu.myagdi1@gmail.com

४. स्थायी लेखा नं. (PAN) प्रमाण पत्र तथा अघिल्लो आ.व.मा कर तिरेको रसिद वा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

५. समूह/सहकारी/संस्थाको हकमा अघिल्लो आ.व.२०८०/८१ को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि।

६. संस्थागत (समूह/सहकारी/समिति)को हकमा यस एकाईमा दर्ता गर्ने भनि गरिएको कार्यसमितिको निर्णयको प्रतिलिपि।

७. परियोजना कार्यान्वयन एकाईद्वारा तयार गरिएको फर्मेट अनुसारको सम्बन्धित वाली/वस्तुहरूको तथ्याङ्क सम्बन्धि स्पष्ट विवरण भरिएको फाराम।

*थप जानकारीका लागि सम्पर्कः-*

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, मुस्ताङ्ग ।
सम्पर्क : ०६९-४४०१३०, ९८५७६५११३०, ९८५७६५१२१५, ९८५७६४५३४५
जोन प्राविधिक एकाइ, बेनी, म्यागदी ।
सम्पर्क : ०६९-५२१३४५, ९८४५२७४८८६, ९८६४३७२८९१, ९८१८३६८५४९

नेत्र प्रसाद भट्ट
नि. वरिष्ठ कृषि अधिकृत

Scanned with CamScanner